

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ माघ २९ गते आइतबार ❑ 12 Feb. 2023 ❑ पृष्ठ ६ ❑ मूल्य रू. ५।-


## किसानको संरक्षणको लागि समन्वय गरेर अगाडि बढ्ने -मन्त्री गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, २८ माघ

गण्डकी प्रदेशका कृषि उर्जा तथा जलश्रोत मन्त्री बेद वहादुर गुरुङले बास्तविक किसानहरुको अवस्था दर्दनाक अवस्थामा रहको र त्यसको लागि प्रदेश सरकारले नीति बनाएर अगाडि वढ्ने वताएका छन ।



गण्डकी प्रदेशका किसानहरुको संरक्षणका लागि संघ र स्थानिय तह संग समन्वय गरेर अगाडि वढ्ने उनको भनाइ रहेको थियो । नेपाल भेटेरिनरी एशोसिएसन गण्डकी प्रदेशको तेस्रो साधारण सभा एवं अधिवेशनको उद्घाटन गर्दै मन्त्री गुरुङले उक्त कुरा वताएका हुन । मन्त्री गुरुङले किसानहरुको संरक्षणका लागि प्रदेश सरकारको मुख्यमन्त्री सहित सिंगो मन्त्रीपरिषदको ध्यान केन्द्रीत भएको समेत वताए ।

किसानहरुले बजारमा भाउ पाउन नसक्नुको मुख्य कारण बजार नियन्त्रण गर्ने संयन्त्र निर्माण हुन नसक्नु रहेको वताउदै त्यसका लागी छिट्टै संयन्त्र निर्माण गरी अगाडि वढ्ने उनको भनाइ रहेको थियो । खुल्ला नाकाका कारण स्थानीय उत्पादनले भाउ पाउन नसकेको वताउदै गण्डकी प्रदेश मासु र दुधमा आत्मनिर्भर भनिएको भएतापनि बाहिरी उत्पादन संग प्रतिस्पर्धा गर्न नसक्दा आफ्नो उत्पादनले बजार नपाएको र नाकामा बाहिरबाट उत्पादन भएको बस्तु रोक्नलाई संविधानमा उल्लेख नभएकाले यसबारेमा आफुले मुद्धा उठाएर गण्डकी प्रदेशको मुख्य नाका पाल्पा र आंबुखैरेनीमा चेकपोष्टको ब्यवस्था गरी कृषक र उत्पादनलाई संरक्षण गर्ने गरी विष्तृत अध्ययन गर्ने समेत वताए ।

संघ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य भनिएतापनि त्यसअनुरुप हुन नसक्दा कर्मचारी दरबन्दी पुरा हुन नसकेको वताउदै मन्त्री गुरुङले कृषि अनुदानबाट कृषकहरुले राहत पाउन नसकेको र त्यसलाई परिवर्तन गरेर अगाडि वढ्ने उनको भनाइ रहेको थियो ।

कृषि उर्जा तथा जलश्रोत मन्त्रालयका सचिव सहदेव प्रसाद हुमागाईले कृषि अनुदानको मोडालिटि परिवर्तन गर्न आफुहरु लागिरहेको वताए । कर्मचारी दरवन्दी ठुलो समस्याको रुपमा आउनुको मुख्य कारण प्रदेश नियमावली आउन नसक्नु भएको वताउदै हुमागाइले कर्मचारी दरबन्दीका लागि प्रदेश लोक सेवा आयोगले काम गर्न नसकेको र फागुन भित्र यसको किनारा लाग्ने उनको भनाइ रहेको थियो । त्यसैगरी स्थानिय तहको पदपूर्ति प्रदेश सरकारको बसमा नरहेकाले यसलाई विधि बनाएर अगाडि वढाउन आवश्यक रहेको समेत वताए । दुरदराजका तहहरुमा दरवन्दी पूर्ती गर्न नसकिरहरदा प्राविधिक सेवालाई गाउगाउमा पुर्याउन नसक्दा समयमा रोगको पहिचान गराउन नसकेकै कारण रोगको न्युनिकरण भन्दापनि नया रोगहरु चुनौतीको रुपमा आइरहेको समेत उनको भनाइ रहेको थियो । नेपाल भेटेरिनरी एशोसिएसनको केन्द्रीय अध्यक्ष डाक्टर शितलकाजी श्रेष्ठले कर्मचारी दरबन्दी तोकिएको भएतापनि कर्मचारी अभावका कारण कृषि र पशुपालनको क्षेत्रमा उल्लेख्य परिवर्तन हुन नसकेको वताउदै प्रदेश सरकारले त्यसतर्फ ध्यान दिन आग्रह गरेका थिए । कृषि प्रधान देश भनिएतापनि तीन तहको सरकारले पांच वर्ष विताइसक्दापनि यसबारेमा कुनैपनि सरकारको ध्यान पुग्न नसकेको उनको गुनासो रहेको थियो । नेपाल ह्याचरि संघ गण्डकीका अध्यक्ष मोति

बाँकी अन्तिम पृष्ठमा ▶▶

## अध्यक्षमा अधिकारी, कलाकारहरु सम्मानित एवं पुरस्कृत

**पोखरापत्र संवाददाता**
पोखरा, २८ माघ



चलचित्र पत्रकार संघ नेपाल कास्की शाखाको अध्यक्षमा प्रभु अधिकारी निर्वाचित भएका छन् ।

शनिबार पोखराको एक होटलमा भएको पाँचौ अधिवेशनबाट सर्वसम्मत रुपमा आगामी तीन बर्षको लागि अधिकारी संघको अध्यक्षमा निर्वाचित भएका हुन् । संघको उपाध्यक्षमा अर्पण तिवारी, सचिवमा सन्तोष बस्याल, सहसचिवमा शंकर तिवारी, कोषाध्यक्षमा सुरक्षा श्रेष्ठ रहेका छन । त्यस्तै संघको कार्यसमिति सदस्यमा सुरेश सुनार, विनिता सुनार, एलीजा क्षेत्री, राकेश गुरुङ, सुदिप पौडेल, सिद्धार्थ गौतम, प्रेम थापा र गौरव त्रिपाठी सर्वसम्वत चयन भएका हुन् ।

केन्द्रीय प्रतिनिधिमा आशिष पुरी र सुशान घिमिरे चयन भएको पोखरापत्रलाई संघे जनाएको छ । उक्त अवसरमा संघले अग्रज कलाकार माओत्से गुरूङलाई सम्मान गरेको छ ।

त्यस्तै संघले जितप्रसाद द्धा चलचित्र पत्रकारिता पुरस्कारबाट पुर्व अध्यक्ष रेम बिक र पत्रकार राजाराम पौडेललाई पुरस्कृत गरेको छ । उनीहरुलाई पोखराका मेयर धनराज आचार्य, पूर्व अध्यक्ष अरुण गिरी लगायतले पुरस्कार वितरण गरेका थिए । पुरस्कारको राषि सम्मान पत्रको साथमा जनही २५ हजार रहेको छ । कार्यक्रममा बोल्दै मेयर आचार्यले पोखरालाई अन्तराष्ट्रिय फिल्म नगरीको रुपमा प्रचार प्रसार गर्नु पर्ने बताए । पोखरामा चलचित्र, खेलकुद सहितका सम्भावना भएका बिषयबस्तुले पर्यटकहरुलाई आकषर्ण गर्नु पर्ने उनले बताए । संघले संस्थापक अध्यक्ष श्रीराम सिग्देल सहित संस्थापक सदस्यहरूलाई सम्मान गरेको छ । संघका कार्यवहाक अध्यक्ष सन्तोष सुवेदीको अध्यक्षमा कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा संघका केन्द्रिय उपाध्यक्ष कुबर डंगोल, नेपाल पत्रकार महासंघ गण्डकीका महासचिव गोविन्द सुवेदी, पुरस्कार छनोट समितिको संयोजक एवं महासंघ कास्कीका अध्यक्ष विमला भण्डारी, जिफानका अध्यक्ष गुन्जमान गुरुङ लगायतले वोलेका थिए ।

## नेपाल हिन्दू राष्ट्र हुनुपर्छ : नेता कोइराला

**रासस**
नवलपुर, २८ माघ

नेपाली कांग्रेसका नेता एवं प्रतिनिधिसभा सदस्य डा शशाङ्क कोइरालाले नेपाल हिन्दू राष्ट्र हुनुपर्ने बताउनुभएको छ ।

उहाँले जनमत सङ्ग्रह गरी नेपाललाई हिन्दू राष्ट्र कायम गर्नुपर्ने बताउनुभयो । नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैँडाकोट-१० पितौँजीमा आयोजित श्रीमद् भागवत सप्ताह ज्ञान महायज्ञमा आज नेता डा कोइरालाले आफूले नेपाल हिन्दू राष्ट्र हुनुपर्ने अठोट लिएको बताउनुभयो । उहाँले भन्नुभयो, "जनमत सङ्ग्रह गरेर भए पनि नेपाललाई हिन्दू राष्ट्रमा परिणत गर्नुपर्छ ।" नेता कोइरालाले सो आश्रमको स्तरोन्नतिका लागि सरकार, दातृ निकाय र भातृ निकायमा पहल गर्ने आश्वासन दिनुभयो ।

श्रीसिद्धिदात्री दुर्गा मन्दिर कोटीहोम आश्रमको आयोजनामा जारी महायज्ञमा वाचन प्रविण पण्डित दिनबन्धु पोखरेलले कथा वाचन गरिरहनुभएको छ ।

## पोखराको लेकसाइड स्थित सेलवेजमा आगलागी

**पोखरापत्र संवाददाता**
पोखरा, २८ माघ



पोखरा लेकसाइडमा रहेको सेलवेज डिपार्टमेन्टल स्टोरमा आगलागी भएको छ । शनिबार दिउसो करिब ४:०० बजे तिर लागेको आगो बेलुका साँझ ६:२० बजे मात्र आगो नियन्त्रणमा आएको कास्कीका प्रहरी प्रमुख एसपी अजय केसीले पोखरापत्रलाई बताए ।

उनका अनुसार सेलवेजको अण्डरग्राउण्डबाट आगेको आगो नियन्त्रण गर्न करिब दुई घण्टा समय लागेको थियो । अण्डरग्राउण्डमा लागेको आगोले बाक्लो बस्ती रहेको लेकसाइडमा अन्य पसल तथा घरहरुमा भने आगो लाग्नबाट बचाउन सफल भएको स्थानीयले बताए । हालसम्म के कारणले आगलागी भयो र के कति क्षति भयो त्यसको समेत विवरण आउन नसकेको उनले जनाए । आज आगो नियन्त्रण गरिएको आइतबार बिहानबाट मुचुल्का सहित क्षति भएको विवरण संकलन गरिएको भएको प्रहरीले जनाएको छ । केहीले विद्युत सर्टबाट आगो लागेको हुन सक्ने आशंका गरेका छन् ।

उक्त आगो नियन्त्रण गर्न स्थानिय, सुरक्षाकर्मीका तीन अंह नेपाली सेना, नेपाल प्रहरी सशस्त्र प्रहरी वल, पोखरा महानगरपीलकाको दमकल, पानी ट्याङ्की लगायतको सहायताले करिब आगो लागेको २ घण्टामा मात्र आगो नियन्त्रणमा आएको स्थानियले बताए । केही समय हल्लनचोकमा ट्राफिक जाम समेत भएको थियो ।

## बाँझापाटन तमु समाजको स्वर्ण महोत्सवमा प्रदेश प्रमुख गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, २८ माघ




बाँझापाटन तमु समाजको स्वर्ण महोत्सवको पावन अवसरमा समाजलाइ सहयोग गर्ने दाताहरुलाइ शनिवार सम्मान गरियो ।

समाजलाइ हरेक समय सहयोग गर्दै आएका १० जना भन्दा वढि समाजसेवीहरुलाइ महोत्सवमा सम्मान गरिएको हो । गत शनिवार देखी खुल्ला रक्तदान कार्यक्रम गरी सुरु भएको महोत्सव आइतावर सम्म जारी रहने छ । गण्डकी प्रदेशका प्रमुख पृथ्वीमान गुरुङले सम्मानीत व्यक्तिहरुलाइ सम्मान पत्र दिएर सम्मान गरेका थिए । जुन सुकै क्षेत्रवाट आएर वसोवास गरे पनि समाजमा एक ढिक्का भएर अगाडि बढ्नु पर्ने प्रदेश प्रमुख गुरुङले धारणा राखे । विशेष गरी राजनीति, आर्थिक र सामाजिक क्षेत्रका आधर बुझेर मात्र अगाढि बढ्नु पर्नेमा प्रमुख गुरुङले जोड दिए ।

समाजले प्रकाशन गरेको स्वर्ण महोत्वस स्मारिका २०७९ पनि सोही समारोह विच विमोचन गरियो । पोखरा महानगरपालिका वडा न १३ कुँडहर स्थित समाजको आफ्नै प्राङ्गणमा स्वर्ण महोत्सवका कार्यक्रम भइरहेका छन् । वाँझापाटन तमु समाजका अध्यक्ष ना.सु कृष्णवहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा समाजका बाँझापाटन तमु समाजका निवर्तमान अध्यक्ष चेतवहादुर गुरुङ, तमु धि नेपालका वरिष्ठ उपाध्यक्ष सु.मे श्रीप्रसाद गुरुङ, वडा नं १३ का वडा सदस्य सुचिता तामाङ, श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति-१२,१३ का व्यवस्थापन समितिका अध्यक्ष गोगेन्द्रमान श्रेष्ठ, टोल विकास संस्थाका तर्फवाट चेतवहादुर गुरुङ लगायत वोलेको कार्यक्रममा उपाध्यक्ष सु.इन्द्रवहादुर गुरुङले स्वागत र समाजका सचिव कुल प्रसाद गुरुङले संचालन गरेका थिए । कार्यक्रममा समाजका सदस्यहरुले प्रस्तुत गरेको नृत्यले उपस्थित सवैलाइ मन्त्रमुग्ध पारेको थियो ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# बिटी कपको क्वाटरफाइनलको समिकरण पूरा

**पोखरापत्र संवाददाता**
पोखरा, २८ माघ



पोखरामा जारी बुद्धटोल युवा क्लबद्वारा आयोजित १६ औं बिटी कप छैटौं विरेन स्मृति सेभेन ए साइड खुल्ला फुटबल प्रतियोगितामा क्वाटरफाइनलको समिकरण पूरा भएको छ।

पोखरा महानगरपालिका १ पुरानो टुडिखेल मैदानमा आज (शनिबार) भएको पहिलो खेलमा लामागाउँ एफसीले लेकसाइड एफसीलाई ४-१ गोल अन्तरले पराजित गऱ्यो। लामागाउँको जितमा अनुज भण्डारीले ह्याट्रिक गर्दा सरोज तामाङले १ गोल र लेकनाथ एफसीका विवेक सन्तोषीले सान्त्वना गोल फर्काए। यस्तै खेल संयोजक विनोद गुरुङका अनुसार दोस्रो खेलमा एलजी एसोसियशनले विष्णुपादुका क्लबलाई १-० गोल अन्तरले पराजित गऱ्यो। एलजीको जितमा आनन्द दुराले निर्णायक गोल गरे। तेस्रो खेलमा आयोजक बिटी ह्वाइट र सत्य युवा क्लबबीच भएको खेल निर्धारित समयमा २-२ गोलमा बराबरी भएपछि ट्राइबेकरमा आयोजक बिटी ह्वाइटले ६-५ गोल अन्तरले जित निकाल्यो। चौथो तथा अन्तिम खेलमा गन्नी एफसीले वी आर ब्रदर्शलाई ३-१ गोल अन्तरले पराजित गऱ्यो। गन्नीको जितमा सुनील घोतानेले २ र सन्जीव रानाले १ गोलको योगदान दिए भने वी आरका मान्नाले सान्त्वना १ गोल फर्काए।

आगामी फागुन १ गतेसम्म सञ्चालन हुने सो प्रतियोगिताको विजेतालाई शिल्ड, मेडल तथा प्रमाणपत्र सहित १ लाख ६१ हजार १ सय ५१ रुपैया प्रदान गरिने क्लबका अध्यक्ष असिम थापाले जानकारी दिए। उनका अनुसार उपविजेताले शिल्ड, मेडल तथा प्रमाणपत्र सहित १ लाख १ हजार १ सय ११ रुपैयाँ प्राप्त गर्नेछन्।

# साझा पार्टीको अध्यक्षमा बाँस्कोटा चयन

**रासस**
काठमाडौं, २८ माघ

विवेकशील साझा पार्टीको अध्यक्षमा समीक्षा बाँस्कोटा चयन हुनुभएको छ। उपाध्यक्षमा मिलन पाण्डे, प्रकाशचन्द्र परियार र विमला अधिकारी सर्वसम्मत चयन हुनुभएको छ।

सो पार्टीको दुई दिनसम्म काठमाडौँमा चलेको महाधिवेशनले महासचिवमा रञ्जु दर्शनालाई चयन गरेको छ। सचिवमा पवित्रा थापा, विमल तामाङ र समुन्द्र केसी र कोषाध्यक्षमा दामोदर नेपाल चयन हुनुभएको छ।

विवेकशील साझा पार्टीमा ५१ सदस्यीय केन्द्रीय कार्यसमितिको व्यवस्था छ। सात प्रदेशबाट समावेशी सिद्धान्तका आधारमा चयन हुने दुई/दुई जना, पाँच जना महिला र जनसङ्गठनबाट चयन हुने दुई जना गरी २१ जना चयन गरिनेछ।

बाँकी २१ जनामध्ये आठ जना तत्कालका लागि खाली रहने छ। केन्द्रीय सदस्यमा आकांक्षी धेरै भएपछि निर्वाचनबाट चयन गरिने भएको छ। त्यसका लागि आजै निर्वाचन प्रक्रिया सुरु हुने निर्वाचन समिति संयोजक केशव दाहालले जानकारी दिनुभयो।

# आइतबार स्वास्थ्य सेवा बन्द गर्ने संघको निर्णय

**रासस**
काठमाडौं, २८ माघ

नेपाल चिकित्सक सङ्घले चिकित्सकमाथि भएको कुटपिटको विरोधमा आइतबार देशभरका स्वास्थ्य संस्थाको आकस्मिकबाहेकका स्वास्थ्य सेवा ठप्प पार्ने निर्णय गरेको छ।

सङ्घले देशभरका सरकारी तथा गैरसरकारी, निजी, सहकारी स्वास्थ्य संस्था, अस्पताल, निजी तथा सरकारी मेडिकल कलेज, प्रतिष्ठानलगायतका सम्पूर्ण स्वास्थ्य संस्था तथा अस्पतालबाट प्रवाह हुने आकस्मिकबाहेकका अन्य सम्पूर्ण सेवाहरू बन्द गर्ने निर्णय गरेको हो।

सङ्घका अध्यक्ष डा. लोचन कार्कीले राष्ट्रिय ट्रमा सेन्टरका वरिष्ठ अर्थोपेडिक सर्जन डा.जनिथलाल सिंहलगायत अन्य चिकित्सक तथा स्वास्थ्यकर्मीहरू माथि प्रहरीले लाठी चार्ज गरी घाइते बनाएको घटनाप्रति सङ्घले गम्भीर ध्यानकर्षण भएको बताउनुभयो।

स्वास्थ्य जस्तो संवेदनशील क्षेत्रको शान्ति सुरक्षाका निम्ती आवश्यक व्यवस्थापन गर्न तथा सुरक्षाको नाममा भीभीआईपीको सवारीबाट आम सर्वसाधारणले पाइरहेको दुःख र सास्तीलाई सदाको लागि अन्त गरी उचित विधि स्थापित गर्न सङ्घको कार्यकारिणी समितिको आकस्मिक बैठकले उक्त निर्णय गरेको प्रेस विज्ञप्तिमा उल्लेख गरेको छ।

# फागुन ४ गतेदेखि चौथो संस्करणको काहुँ धरहरा महोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, २८ माघ

चौथो संस्करणको काहुँ धरहरा महोत्सवमा पर्वतिय दौड आयोजना हुने भएको छ। आन्तरीक तथा बाह्य पर्यटकलाई बढावा दिने उदेश्यसहित आयोजित महोत्सवमा खेल पर्यटनलाईसमेत जोड्ने गरी पर्वतिय दौड समावेश गरीएको हो।

आयोजक जनकल्याण युवा क्लबका अध्यक्ष देश बहादुर गुरुका अनुसार आगामी फागुन ४ गते देखि सुरु हुने महोत्सवमा ७ किलोमिटर दुरीमा पर्वतिय दौड हुनेछ। पोखरामहानगरपालिकाको रानीपौवादेखि काहुँडाडासम्मको ७ किलोमिटर दुरीमा दौड प्रतियोगिता हुनेछ। प्रतियोगितामा सहभागिताका लागि दर्ता खुलिसकेको अध्यक्ष गुरुङले जानकारी दिए। प्रतियोगितामा प्रथम हुनेले १० हजार, दोश्रो हुनेले ७ हजार, तेश्रोले ५ हजार पाउनेछन् भने चौथो स्थान प्राप्त गर्नेले ३ हजार रुपैया नगद र उत्कृष्ट २० जनालाई मेडल प्रदान गरीनेछ। महिलातर्फको ईभेण्टमा पनि सोही बराबरको पुरस्कार राशी राखिएको छ। फागुन ४ गते हुने महोत्सवको उद्घाटनका दिन बिहान दौड आयोजना हुनेछ। पोखराको मुख्य बजार देखि करिब ६ किलोमिटरको दुरीमा रहेको काहुँमा चौथो पटक काहुँ धरहरा पर्यटन महोत्सव हुन लागेको हो। महोत्सवले आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास आयोजकको छ। क्लवका अध्यक्ष देव बहादुर गुरुङले काहुँको शुन्दरता र त्यहाँ अवस्थित धरहरालाई प्रचारप्रसार गरी आन्तरीक पर्यटनको बृद्धि गर्ने लक्ष्यसहित महोत्सव आयोजना गर्न लागिएको बताए। २०२६ सालमा निर्मित काँहु धरहरा मुख्य बजारबाट नजिकै रहेरपनि प्रचारप्रसारको अभावमा ओभेलमा परेको उनको ठम्याई छ। काहुँ धरहरालाई पोखराको दृष्यावलोकनको गन्तब्य स्थानको रुपमा विकास गर्न महोत्सवको उल्लेख्य भूमिका रहने उनको भनाई छ। यसअघि २०६२, २०६५ र २०७५ सालमा क्लवले महोत्सव सम्पन्न गरिसकेको छ। काहुँ धरहरा तथा काहुँ डाँडाबाट बाट सुर्यदय, माछापुच्छे, अन्नपूर्ण लगायतका हिमश्रृंखला, वनजंगल, सेती नदी, लगायतका दृश्यवलोकन गर्न सकिन्छ। काहुँ धरहरासम्म पुग्न अहिले पिच सडक निर्माण भएको छ। काहुँ समुन्द्री सतहबाट १ हजार ४ सय ६० मिटरको उचाईमा रहेको छ।

# लामोडहर टोल विकास संस्थाको अध्यक्षमा दुर्गा

**पोखरापत्र संवाददाता**
पोखरा, २८ माघ

पोखरा महानगरपालिका वडा नं १३ स्थित लामोडहर टोल विकास संस्थाको चौथो अधिवेशन तथा १२ औं साधारण सभाले दुर्गा गुरुङलाइ अध्यक्षमा चयन गरेको छ।

शनिवार भएको अधिवेशनले उपाध्यक्षमा सन्तोष सिग्देल, सचिवमा गौतम गुरुङ, सह सचिवमा इन्दिरा सिग्देल, कोषाध्यक्षमा रिता राना चयन भएका छन्। त्यसैगरी सदस्यहरुमा क्रमश गोपाल मन् तना, पदम सुब्बा गुरुङ, पार्वती लमिछाने, कमाल भट्टराई जमुना नेपाली र शान्ति भट्टराई रहेका छन्।

वडा नं १३ का वडा सदस्य रजनी परियारले अधिवेशनको उद्घाटन गर्दै टोल विकासका सदस्यहरुले सकारात्मक सोचले सदैव अगाडि बढ्नु पर्ने धारणा राखिन्।

लामोडहर टोल विकास संस्थाको अध्यक्ष टंक प्रसाद भट्टराईको अध्यक्षतमा भएको कार्यक्रममा विजयपुर तमु समाजका अध्यक्ष ई. मनकाजी गुरुङ, पोखरापत्र दैनिकका कार्यकारी सम्पादक शोभाकान्त सिग्देल, संस्थाका सदस्यहरु क्रमश हरिकृष्ण घिमिरे, गौतम गुरुङ, दुर्गा गुरुङ र रिता राना लगायत वोलेको कार्यक्रममा संस्थाका उपाध्यक्ष देवी गुरुङले स्वागत र सदस्य सुजिता सिग्देलले संचालन गरेकी संस्थाका कोषाध्यक्ष दुर्गा वहादुर गुरुङले पोखरापत्रलाइ वताए।

# कास्की कप ह्यान्डबल प्रतियोगितामा छात्र तर्फ १३ टिम सहभागी हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २८ माघ

पोखरामा आइतबारदेखि नवौं कास्की कप ह्यान्डबल प्रतियोगिता सुरु हुने भएको छ।

नवौं कास्की तथा छैटौं एकता कप बिद्यालय स्तरीय छात्र/छात्रा ह्यान्डबल प्रतियोगिता आइतबारदेखि पोखरा रंगशालाको कभर्ड हल र ह्याण्डबल ट्रेनिङ सेन्टरमा उक्त प्रतियोगिता संचालन हुने भएको हो। फागुन ३ गतेसम्म संचालन हुने उक्त प्रतियोगिता अन्तर्गत छात्र तर्फ १३ र छात्रा तर्फ भने ८ टिमको सहभागिता रहेको आयोजक कास्की जिल्ला ह्याण्डबल संघले जनाएको छ। प्रतियोगिता अन्तर्गत साविक विजेता छात्र तर्फ माउन्ट अन्नपूर्ण स्कुल हो भने छात्रा तर्फ गण्डकी बोर्डिङ स्कुल हो। प्रतियोगितामा छात्र तथा छात्रा तर्फका विजेताले जनही १० हजार, उपबिजेताले ५ र तेश्रो हुनेले ३ हजार साथमा ट्रफि मेडल र प्रमाणपत्र प्राप्त गर्ने भएको संघ कास्कीका अध्यक्ष चित्र थापाले बताए। प्रतियोगितामा उत्कृष्ट हुने खेलाडी सर्वाधिक गोलकर्तालाई नगद सहित सम्मान गरिने भएको छ।

'स्वस्थ्यको लागि खेलकुद राष्ट्रको लागि खेलकुद' भन्ने नाराका साथ आयोजना हुने उक्त खेलले विद्यालयस्तरबाटै ह्याण्डबल खेलको विकास गर्न थप मद्धत पुग्ने अध्यक्ष थापाले बताए। यसैबिच उक्त प्रतियोगिताको उद्घाटन आइतबार २:०० बजे गण्डकी प्रदेश सभाका सदस्य प्रकाश बरालले गर्ने कार्यक्रम तय गरिएको उनले जनाए।

# किसानको...

प्रसाद पौडेलले खुल्ला सिमाका कारण बास्तविक किसानको उत्पादनले बजारमा मुल्य नपाएको वताउदै यस्तै प्रकृया अगाडि बढे कृषकहरुले पनि आत्मदाह गर्ने अवस्था आउने वताए। त्यसैगरी बास्तविक किसानहरुले भन्दापनि नया किसानहरुलाई मात्र सरकारले कृषि अनुदान दिइरहेकाले बास्तविक किसानहरु मारमा परिरहेको र बास्तबिक किसानहरु अझैपनि अनुदानको बारेमा अनविज्ञ रहेको उनको भनाइ रहेको थियो।

नेपाल भेटेरिनरी एशोसिएसन गण्डकी प्रदेशका अध्यक्ष डाक्टर केदार राज पाण्डेको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वरिष्ठ पशु चिकित्सक डा. प्रेरणा सेढाई भट्टराई र पशु चिकित्सक डा. राजेश चौधरीले एशोसिएसनले गरेको कार्यप्रगति चुनौती र सम्भावना विषयक कार्यपत्र प्रस्तुत गरेका थिएभने कार्यक्रममा संस्थाका उपाध्यक्ष डा. शोभा शर्माले स्वागत मन्तब्य राखेकी थिइनभने कार्यक्रमको सन्चालन डाक्टर सोनिया गुरुङले गरेकी थिइन।


**सार्वजनिक यातायातलाई व्यवस्थित गरौं।**

- सार्वजनिक यातायातका साधनमा यात्रा गर्दा सामाजिक मर्यादा र शिष्टाचारको पालना गरौं।
- यात्रु, चालक र सहचालकले एक-आपसमा मर्यादित र शिष्ट व्यवहार गरौं।
- सार्वजनिक यातायातका साधनमा हानी नोक्सानी नपुऱ्याऔं।
- सवारी साधनमा भाडादर देखिने गरी टाँसी तोकिएको भाडादर मात्र लिनेदिने गरौं।
- सार्वजनिक यातायात सञ्चालनको समय तालिका सार्वजनिक गरी त्यसको पालना गरौं।
- तोकिएको स्थानमा मात्र यात्रु उकाल्ने र ओराल्ने गरौं।
- आरक्षित सिटमा सम्बन्धित यात्रुलाई नै प्राथमिकता दिऔं।
- ट्राफिक नियमको पालना गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु:
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्युरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्धार सम्वन्धी रोग: छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म


सम्पर्क स्थान:
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट: नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको बीच बीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाह्री झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रवन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

समय बिताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस ।
– सास लिभोसन

## सम्पादकीय

# अख्तियारको दायरा बढाऊ

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थापना दिवसमा भ्रष्टाचारको विरुद्ध आवाज सुनिन्छ । राज्य संचालनको शिर्ष स्थानमा रहेका राष्ट्रपति, प्रधानमन्त्री, सभामुख लगायत सबैको भ्रष्टाचार नियन्त्रणका लागि एकताबद्ध प्रयास चाहिन्छ भन्ने छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३२औं स्थापना दिवस मनाउँदा पनि देशमा भ्रष्टाचार बढ्यो सबै मिलेर नियन्त्रण गरौं । भ्रष्टाचार नियन्त्रणका लागि अख्तियार एक्लैले केही गर्न सक्दैन । राजनीतिक नेतृत्व, सरकार, संसद, अदालत र नागरिक समाजको नमिलेसम्म भ्रष्टाचार नियन्त्रण हुन सक्दैन । अख्तियारको स्थापनादेखि हालसम्म आयोगले गरेका काम ठिकै भएपनि गुणात्मक अनुसन्धान हुन नसकेको आरोप लगाउने गरिएको छ । आयोगको कामलाई अझै प्रभावकारी बनाउन जनशक्ति व्यवस्थापनदेखि कानुनको समयानुकूल परिवर्तन गर्नुपर्ने अहिलेको खाँचो हो ।

यसअघिका संविधानमा 'अनुचित कार्य' गरेकामाथि अनुसन्धान गर्न सक्ने अधिकार अख्तियारलाई थियो तर अहिलेको संविधानले ती शब्द हटाएर भ्रष्टाचारजन्य काम गर्नेमाथि मात्रै अनुसन्धान गर्ने भन्ने उल्लेख गरेको छ । यो व्यवस्थाले आयोगको अधिकार क्षेत्र खुम्च्याइदिएको छ । भ्रष्टाचारको प्रकृति र प्रवृत्ति परिवर्तन भइरहे पनि समयानुकूल ऐन परिवर्तन नहुनु, सरकारले खटाएको जनशक्तिमा मात्रै भर पर्नुपर्नेलगायतका व्यवस्था आयोगका लागि थप चुनौती रहेको छ । विद्यमान कमजोर कानुनी संरचनाकै कारण आयोगले भ्रष्टाचार नियन्त्रणमा अपेक्षित रूपमा काम गर्न सकेको छैन । आयोगलाई सार्वजनिक पद धारण गरेका व्यक्तिमाथि मात्रै अनुसन्धान गर्न सक्ने अधिकार छ । तर जनअपेक्षा सबैतिर आयोगले हेरोस् भन्ने छाआयोगको प्रतिवेदनले औंल्याएका विषय कार्यान्वयन हुन सकेको भए जनताले आशा गर्ने ठाउँ थियो । कार्यपालिका, संसद र अदालतले भ्रष्टाचार निवारणको लागि अख्तियारलाई सघाउने हो भने सकारात्मक सुधार देखिन्छ ।

नेपाल भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको पक्षराष्ट्र भएको अवस्थामा कानुन संशोधन गरेर भए पनि आयोगको भूमिकालाई अझै फराकिलो बनाउनुपर्ने बेला सार्वजनिक पद धारण गरेका व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको देखिए कानुनबमोजिम अनुसन्धान गर्ने तथा त्यस्ता व्यक्तिले कानुनबमोजिम भ्रष्टाचार गरेको देखिएमा अदालतमा मुद्दा दायर गर्ने अधिकारले आयोगलाई संकुचित बनाएको छान्यायाधीश, सेना, गैरसरकारी संस्था र निजी क्षेत्रमा भएको अख्तियारको दुरुपयोग सम्बन्धमा अनुसन्धान गर्नेछ अधिकार दिएमा जनअपेक्षा अनुसार अख्तियारले काम गर्न सक्छ । आयोगको काठमाडौँको टङ्गालमा रहेको केन्द्रीय कार्यालयसहित आठवटा मातहतका कार्यालयबाट स्थानीय तहदेखि मन्त्रिपरिषद, संसद, अदालतमा भएको भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग एक्लैले सक्छ भन्ने अवस्था अहिलेलाई देखिदैन ।



# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : व्यापारमा लाभ |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : झमेला बढ्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : कार्यमा सफलता |
| सिंह | : मानसिक तनाव | कुम्भ | : मन चञ्चल |
| कन्या | : शारीरिक झमेला | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# बसको ठक्करबाट पैदल यात्रीको मृत्यु

**पोखरापत्र संवाददाता**
**दमौली, २८ माघ**

पृथ्वीराजमार्गअन्तर्गततनहुँको आबुखैरेनी गाउँपालिका-३ मा बसको ठक्करबाट शनिबार एक पैदलयात्रीको मृत्यु भएको छ ।

मृत्यु हुनेमा ४० वर्षीय मिनबहादुर विक रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । डुम्रेबाट आबुखैरेनी जाँदै गरेको ग१ख ६३०७ नंको बसको ठक्करबाट विकको मृत्यु भएको प्रहरी निरीक्षक भानु शर्माले जानकारी दिनुभयो । बसको ठक्करबाट घाइते विकको उपचारका क्रममा चितवन मेडिकल कलेजमा क्रममा मृत्यु भएको हो । बसका चालक प्रहरी नियन्त्रणमा रहेको प्रहरीले जनाएको छ ।

# मानव अस्थिपञ्जर फेला

**पोखरापत्र संवाददाता**
**दमौली, २८ माघ**

तनहुँको व्यास नगरपालिका-११ निर्दु सामुदायिक वनमा आज एक मानव अस्थिपञ्जर फेला परेको छ । सामुदायिक वनमा एक अस्थिपञ्जर फेला परेको जिल्ला प्रहरीले जनाएको छ ।

टाउको छुटिएको अवस्थामा अस्थिपञ्जर फेला परेको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी निरीक्षक भानु शर्माले जानकारी दिनुभयो । लिङ्ग पहिचान नभएको र घटनाबारे अनुसन्धान सुरु गरिएको उहाँले बताउनुभयो ।

स्थानीयवासीबाट जानकारीमा आएपछि मुचुल्का गरेर अस्थिपञ्जर ल्याएका छौं, यसबारे अनुसन्धान गरेका छौं, उहाँले भन्नुभयो । घटनास्थलमा प्रहरी उपरीक्षक अवदेश विष्ट क्षेत्रीको नेतृत्वमा प्रहरी टोली पुगेको थियो ।

# तीन साहित्य स्रष्टा पुरस्कृत

**पोखरापत्र संवाददाता**
**बागलुङ, २८ माघ**

धवलागिरि साहित्य प्रतिष्ठान बागलुङले तीन साहित्य स्रष्टालाई पुरस्कृत गरेको छ । शनिार बागलुङमा आयोजित एक कार्यक्रमबीच गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सूर्य बिखर्ची खड्काद्वारा साहित्य स्रष्टालाई नगदसहित पुरस्कृत गरिएको हो ।

प्रतिष्ठानले विसं २०७८ को 'काजी रोशन साहित्य पुरस्कार' सुनसरीका लेखक टीका मिलनलाई प्रदान गरेको छ । पुरस्कारका लागि देशभरबाट प्राप्त कृतिमध्ये निरुपण मण्डलले उहाँको उपन्यास कृति ' पटाक्षेप'लाई छनोट गरेको थियो । हरेक दुई वर्षमा राष्ट्रियस्तरमा प्रदान गरिने उक्त पुरस्कारको राशि रु बीस हजार छ । प्रतिष्ठानले १६औं पटकमा उपन्यासकार मिलनलाई सो पुरस्कार प्रदान गरेको हो । यसअघि उक्त पुरस्कारबाट काठमाडौँका लेखक बाजुराम पौडेल, तनहुँका काशीनाथ न्यौपाने, उदयपुरका मातृका पोखरेललायत पुरस्कृत भइसक्नुभएको छ ।

यस्तै प्रतिष्ठानमा स्थापित ' बम-सरस्वती स्मृति पुरस्कार' यसवर्ष कपिलवस्तुका स्रष्टा सकुन्तला शर्मा पौडेललाई प्रदान गरेको छ । उक्त पुरस्कारको राशि रु १० हजार रहेको छ । बागलुङ, मूलपानी घर भई हाल बेल्जियममा रहनुभएका कवि दीपेन्द्र केसीले हजुरबुवा र हजुरआमाको स्मृतिमा सो पुरस्कार स्थापना गर्नुभएको हो ।

उक्त पुरस्कारबाट यसअघि नुवाकोटका साहित्यकार श्रीराम श्रेष्ठ, पाल्पाका पुष्कर ' अथक' रेग्मीलगायत पुरस्कृत भइसक्नुभएको छ । प्रतिष्ठानबाट पहिलो पटक 'हिमलाल-मन्सरा स्मृति पुरस्कार'बाट बागलुङ, बेलवाका स्रष्टा तुलसी पौडेललाई पुरस्कृत गरिएको प्रतिष्ठानका अध्यक्ष काजी रोशनले जानकारी दिनुभयो । सो पुरस्कारको राशि पनि रु १० हजार रहेको छ । बलेवा निवासी डा प्रेमप्रसाद शर्माले दिवङ्गत बुबाआमाको नाममा सो पुरस्कार स्थापना गर्नुभएको हो ।

प्रतिष्ठानले साहित्यको श्रीवृद्धिमा योगदान गर्ने कवि, लेखकलाई बर्सेनि पुरस्कृत गर्दै आएको छ । विसं २०४१ मा स्थापित प्रतिष्ठान भाषा, साहित्य र कलाको उत्थानमा क्रियाशील छ । कार्यक्रममा बोल्दै गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सूर्य बिखर्ची खड्काले साहित्यको संरक्षका खातिर यस्ता पुरस्कारले ठूलो योगदान गर्ने बताउनुभयो । कार्यक्रममा पटाक्ष उपन्यासमाथि धौलागिरि क्याम्पसका प्राध्यापक हरिप्रसाद पाण्डेले समीक्षात्मक टिप्पणी गर्नुभएको थियो ।

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २१, हस्ते वगरमा हस्ते पहिरो नियन्त्रण तथा कुलो निर्माण गर्नका लागि निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम** : हस्तेवगर पहिरो नियन्त्रण तथा कुलो निर्माण

**उपभोक्ता समिति**: हस्तेवगर पहिरो नियन्त्रण तथा कुलो निर्माण समिति, पोखरा-२१

| | |
|---|---|
| **योजना सुरु मिति** | : २०७९/१०/११ गते |
| **योजना सम्पन्न मिति** | : २०७९/१०/२६ गते |
| **महानगरपालिकाबाट प्राप्त** | : रु. ४,००,०००/- |
| **जनसहभागिता** | : रु.४९,२६९/२६ |
| **योजनाको कुल लागत** | : रु. ४,४९,२६९/२६ |

**उपभोक्ता समिति**

**अध्यक्षः** अभिमन्यू पोखेल

**सचिवः** शिव कुमार शर्मा

**कोषाध्यक्षः** कल्पना पोखेल रेग्मी

# लिटल फ्लावरको साँस्कृतिक कार्यक्रम तथा पुरस्कार वितरण समारोह

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ माघ**



पोखरा महानगरपालिका वडा नं २७ रिठेपानीस्थित लिटल फ्लावर एजुकेशनल एकेडेमीको साँस्कृतिक कार्यक्रम तथा पुरस्कार वितरण समारोह सम्पन्न भएको छ ।

कार्यक्रमको उद्घाटन गर्दै विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सुवेदार मेजर जगबहादुर गुरुङले कक्षामा सिकेका विषयवस्तु व्यवहारमा उतार्न विद्यार्थीहरुलाई सुझाव दिए ।उनले बदलिंदो समाजमा योगदान गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्नुपर्ने आवश्यकता भएकोमा जोड दिए । कार्यक्रममा प्रिन्सिपल बिकल पौडेलले भावी योजना सहित प्रगति विवरण प्रस्तुत गरेका थिए । उनले विद्यालयका संस्थापक कमल खड्का र देवी खड्काले यस क्षेत्रको शैक्षिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको दावी गर्दै अझै थप उचाइमा विद्यालयलाई लैजान सबैको सकारात्मक सहयोग आवश्यक रहेकामा जोड दिए । विविध सास्कृतिक कार्यक्रमका साथै गत शैक्षिक सत्रका विभिन्न विधामा उत्कृष्ट विद्यार्थीलाई पुरस्कृत गरिनुका साथै अतिरिक्त क्रियाकलापका विजयी विद्यार्थीहरुलाई मेडल प्रदान गरिएको कार्यक्रममा विद्यालयका इन्चार्ज रामप्रसाद अभिकारीले मन्तव्य राखेका थिए । कक्षा ११ की विद्यार्थी बर्षा तामाङले विद्यार्थीका तर्फबाट स्वागत मन्तव्य राखेको कार्यक्रमको सञ्चालन कक्षा ११ का संयोजक बिष्णुहरि पौडेलले तथा पुरस्कार वितरणका छुट्टाछुट्टै विधाका कार्यक्रम मा वि इन्चार्ज रामकृष्ण आचार्य, प्रा वि इन्चार्ज हेमा पुन, अतिरिक्त क्रियाकलाप संयोजक विचित्र न्यौपाने, सहसंयोजक लक्ष्मी गरुङले गरेका थिए । शिक्षक लक्ष्मी घिमिरे र विद्यार्थी सुदिक्षा सुनारले कविता वाचन, विद्यार्थी जस्मीन श्रेष्ठले भाषण गरेका थिए । विद्यालय व्यवस्थापन समितिमा रहेर योगदान गरेका पदाधिकारीलाई प्रशंसापत्र प्रदान गरिएको थियो । हाल विद्यालयमा सात सय विद्यार्थीहरु अध्ययनरत छन् ।

# हिउँ कुर्दै पर्यटन व्यवसायी

**रासस**
**कास्की, २८ माघ**

यहाँको उच्चपहाडी र हिमाली क्षेत्र हिउँ खेल्नेका लागि प्रख्यात छ । यो समयमायस क्षेत्रकाडाँडा र गाउँमा हिउँ खेल्ने पर्यटकको ओइरो देखिन्थ्यो । तर, यो वर्ष अहिलेसम्म हिउँ नपर्दा यहाँका डाँडातिर पर्यटक उक्लिएका छैनन् । हिउँ नपरेका कारण पर्यटकको कमी भएपछि यहाँका पर्यटन व्यवसायी चिन्तित छन् ।

मादी गाउँपालिका-२ ऋपुर्डाँडामा गएको वर्ष दैनिक २०/२५ जना पर्यटक हिउँ खेल्न पुग्थे । अहिले मुस्किलले तीन/चार जनामात्र पुग्ने गरेका छन् । पर्यटकीय गाउँ ताडतिङ्को शिरान ऋपुर्डाँडा हिउँ खेल्नेका लागि सबैभन्दा नजिकको गन्तव्य हो । अहिलेसम्म हिउँ नपर्दा पर्यटकको उपस्थिति कम भएको ऋपुर्डाँडाका पर्यटन व्यवसायी हिमाल गुरुङले जानकारी दिनुभयो । यहाँ चार वटा होटल छन् । "अघिल्लो वर्ष यही समयमा यहाँका होटलले थेग्नै नसक्ने गरी पाहुना आएकामा यो वर्ष दैनिक तीन/चार जना मात्र आएका छन्, यो सङ्ख्या निकै कम हो", गुरुङले भन्नुभयो । उहाँका अनुसार यो वर्ष पर्यटक कुरेर बस्नुपर्ने अवस्था छ । "ऋपुमा पर्यटकको चहलपहल बढी हुने नै हिउँ पर्ने समयमा हो", पर्यटन व्यवसायी गुरुङले भन्नुभयो, "अघिल्लो वर्ष दशैँतिहारपश्चात् ग्रुप आउन सुरु हुन्थ्यो तर यो मुस्किलले तीन/चार जना आउने गरेका छन् ।" पर्यटकीय गाउँ सिक्लेसमा पनि हिउँ नपर्दा पर्यटक नपुगेको स्थानीय बेल गुरुङले बताउनुभयो । "हिउँ नपरेपछि पर्यटक सङ्ख्या घटेको छ । दैनिक दैनिक एक सयभन्दा बढी पर्यटक आउने गरेकमा अहिले दैनिक २०/२५ जना पाहुना आउने गरेका छन्", उहाँले भन्नुभयो । सिक्लेससँगै हुगुगोठ, कपुचे, कोरीलगायत हिउँ पर्ने स्थानमा पनि पर्यटक घटेकाले व्यवसायी चिन्तित भएका छन् । पानी र हिउँ नपरेपछि सिक्लेसमा खेतीपातीमा समस्या भएको गुरुङले बताउनुभयो । "पानी त बुधबार अलिअलि पऱ्यो तर हिउँ पर्न सकेन् । जसले गर्दा पर्यटन व्यवसाय धरापमा परेको छ । खेती गर्न पनि समस्या छ", गुरुङले भन्नुभयो । उहाँका अनुसार पानी र हिउँ नपर्दा आलु, गहुँ, जौ, आलु, तोरी, हरियो मटरकोशा, टमाटर, सागलगायत बाली सप्रिन पाएका छैनन् ।

जिल्लाको मर्दी हिमाल पदयात्रामा पर्यटकको चहलपहल घटेपछि यस क्षेत्रका पर्यटन व्यवसायी चिन्तित छन् । हिउँ खेल्न जाने पर्यटक पदयात्रामा नआएका लो क्याम्प गेस्ट हाउस एन्ड रेस्टुरेन्टका सञ्चालक अमृत तामाङले बताउनुभयो । "पर्यटकका लागि यो अफ सिजन हो, अघिल्ला वर्षमा हिउँ खेल्न जाने पर्यटकले व्यवसाय धानेको थियो", तामाङले भन्नुभयो, "यो पटक पानी नपरेपछि हिउँ पनि परेन, पर्यटक पनि आएका छैनन् । व्यवसाय धान्न गाह्रो छ ।" उहाँका अनुसार हिउँ पर्ने समयमा मर्दी हिमाल पदयात्रामा हिउँ खेल्नकै लागि दुई सयभन्दा बढी पर्यटक पुग्ने गर्थे । तर, यो सिजनमा मुस्किलले ४०/५० जना पर्यटन जाने गरेका छन् ।

यहाँको अर्को पर्यटकीय स्थल घान्द्रुक गाउँमा पनि हिउँ नपर्दा पर्यटकको सङ्ख्यामा कमी आएको छ । घान्द्रुक पर्यटन व्यवसायी समितिका अध्यक्ष विक्रम गुरुङका अनुसार पर्यटकका लागि अफ सिजन भएकाले पर्यटक कम गएको हुन् । "अलि बढी चिसो भए घान्द्रुकमै हिउँ पर्छ तर माथिल्लो भेग देउराली, टाढापानीमा हिउँ परेपछि त्यहाँ जाने धेरै हुन्थे", अध्यक्ष गुरुङले भन्नुभयो, "यो पटक के भएको हो खै ? हिउँ पनि परेन, पर्यटक पनि त्यति छैनन् ।" कास्कीको कोरी, कपुचे, हुगुगोठ, सिक्लेस, ऋपुर्डाँडा, ताडतिङ, घान्द्रुकसँगै हिमालको आधार शिविर जाने पदमार्गअन्तर्गत गाउँ तथा डाँडामा भारी हिउँ पर्छ । तर, यो वर्ष पानी नपरेपछि यी स्थानमा हिउँ पर्न सकेको छैन । पानी र हिउँ नपर्नुको मुख्य कारण जलवायु परिवर्तन भएको वन प्राविधिक समाज कास्कीका अध्यक्ष केदार पौडेलले बताउनुभयो । "संसारभर तापक्रम वृद्धि हुँदै गएको छ । ३० वर्ष पहिलाभन्दा एक डिग्री सेल्सियसमा तापक्रम बढेको छ", अध्यक्ष पौडेलले भन्नुभयो, "यसले गर्दा पानी पऱ्यो भने पनि एक दर्का मज्जाले पर्ने अनि पर्दैन । सुक्खा खडेरी पर्ने तथा हिम नदी सुक्ने अवस्था आएको छ ।" लामो समय वन तथा वातावरणका क्षेत्रमा काम गर्नुभएका पौडेलले यस्तै भइरहे अबको एक सय वर्षमा अहिले भइरहेका हिमनदी करिब आधा सुक्नेकाताउभयोकाकमँडाइअक्साइडको मात्रा बढेकाले यस्तो अवस्था भएकाले सरोकारवाला निकाय सजग हुनुपर्ने उहाँको भनाइ थियो ।

# १० देशका कलाकार बागलुङ आउँदै

**पोखरापत्र संवाददाता**
**बागलुङ, २८ माघ**

बागलुङमा आगामी फागुन २ गते महाशिवरात्रीका दिन अन्तराष्ट्रिय कृष्ण भावनामृत सङ्घ बागलुङले विदेशी कलाकार ल्याउने भएको छ ।

महाशिवरात्रीमा धार्मिक सांस्कृतिक कार्यक्रम प्रस्तुत गर्नका लागि १० देशबाट २५ भन्दाबढी विदेशी कलाकार बागलुङ आउन थालेको अन्तराष्ट्रिय कृष्ण भावनामृत संघ बागलुङका प्रमुख अच्युत दास (प्रदीप भण्डारी)ले जानकारी दिनुभयो । कलाकारसँगै रसियन आर्मी अफिसर प्रोफेसर डाक्टर इगोर ओभलोडकोभ पनि आउनुहेनेछ । उहाँले महाशिवरात्री नेपाली हिन्दूहरुको ठूलो पर्वका रुपमा रहेको भन्दै यसको महत्व, मौलिकतालाई जोगाउन र विदेशमा पनि बढी प्रचार गर्न विदेशी कलाकारलाई बागलुङ ल्याउन लागेको बताउनुभयो ।

कला, संस्कृति तथा धार्मिक परम्परालाई संरक्षण गरी प्रवर्द्धन गर्न संघले धार्मिक कार्यक्रम गर्दै आएको उहाँको भनाइ छ । 'महाशिवरात्रीले ठूलो महत्व बोकेको छ, हाम्रा धर्म, संस्कृति र परम्परा संरक्षणको अभावमा छन्, यिनीहरुको प्रचारप्रसार र प्रवर्द्धन गर्न सके नेपालमा लाखौं धार्मिक पर्यटक भित्र्याउन सकिन्छन्, सोही उद्देश्यले हामीले शिवरात्रीमा सानो कार्यक्रम गरेर प्रवर्द्धनमा टेवा पुऱ्याउने कोशिस गरेका छौं', उहाँले भन्नुभयो । सोही दिन स्थानीय कलाकारले पनि धार्मिक सांस्कृतिक नृत्य तथा अन्य अभिनय प्रदर्शन गर्ने छन् ।

